पशुको खोपको प्रभावकारिता मूल्याङ्कन सम्बन्धी मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/१२/०८)

पशुपालन व्यवसायमा चुनौतीको रुपमा रहेका प्रमुख रोगहरुको नियन्त्रणको लागि गण्डकी प्रदेश सरकारले पशुको पूर्ण खोप कार्यक्रम सुरुवात गरेकोले उक्त कार्यक्रम अन्तर्गत लगाईएका खोपहरुको प्रभावकारिता मूल्याङ्कन तथा पूर्ण खोपयुक्त क्षेत्र घोषणामा सहजिरण गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारको "पशुको पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" को दफा ११ र दफा १२ को उपदफा (ख) ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "पशुको खोपको प्रभावकारिता मूल्याङ्कन सम्बन्धी मापदण्ड, २०७७" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस मापदण्डमा,-

(क) "कार्यविधि" भन्नाले गण्डकी प्रदेश सरकारको "पशुको पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" सम्झनु पर्छ।

(ख) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(ग) "प्रयोगशाला" भन्नाले गण्डकी प्रदेश हेर्ने पशुपन्छी रोग अन्वेषण प्रयोगशाला सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ङ) "विज्ञ केन्द्र" भन्नाले मन्त्रालय मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

परिच्छेद-२

कार्यक्रम कार्यान्वयन प्रक्रिया

१. खोपको प्रभावकारिता मूल्याङ्कन: (क) विज्ञ केन्द्रबाट खोप कार्य सम्पन्न भएको १ हप्ताभित्र सो सम्बन्धी प्रतिवेदन निर्देशनालय मार्फत प्रयोगशाला र मन्त्रालयको पशुपन्छी विकास महाशाखामा पठाउनु पर्नेछ।

(ख) उपदफा (क) अनुसारको प्रतिवेदन विभिन्न पशु प्रजातिलाई खोप लगाएको समय अनुसार छुटाछुटै पठाउन सकिनेछ।

(ग) खोपको प्रभावकारिता परिक्षणको लागि विज्ञ केन्द्रहरुबाट खोप कार्य सम्पन्न भएको मितिले २१ दिन पश्चात प्रयोगशालाले निर्देशनालय तथा विज्ञ केन्द्रको समन्वयमा जम्मा खोप लगाइएका पशु संख्या मध्ये गाईभैंसी, बंगुर र कुकुरमा ०.५ प्रतिशत र भेडाबाख्रामा १.५ प्रतिशत पशुको सिरम संकलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(घ) सिरम संकलन कार्यका लागि प्रयोगशालाले विज्ञ केन्द्र र सम्बन्धित स्थानीय तहको पशु सेवा शाखासँग आवश्यक सहयोग लिन सक्नेछ र त्यस्तो सहयोग गर्नु सम्बन्धित पक्षको दायित्व हुनेछ।

(ङ) सिरम संकलन गर्ने प्रयोजनका लागि ५ मि.लि. क्षमताको डिस्पोजेबल सिरिन्ज निडिल प्रयोग गरी रगत संकलन गर्ने र सिरम छुट्याई सिरम भायलमा सारेर कोड नम्बर लेखि सिरम भायल बक्समा राख्नु पर्नेछ।

(च) प्रयोगशालाले संकलित सिरमको प्रारम्भिक परीक्षण गरी आवश्यक परेमा थप परिक्षणको लागि तोकिएको प्रयोगशालामा पठाउन सक्नेछ।

(छ) प्रयोगशालाहरुले सिरम परिक्षण गर्दा कार्यविधिमा खोपका लागि तोकिएका रोग विरुद्ध प्रतिरोध क्षमता विकास भए नभएको (Qualitative Antibody Titer) निक्यौंल गर्नु पर्नेछ। प्रयोगशाला परिक्षणको प्रतिवेदन अनिवार्य रुपमा निर्देशनालय मार्फत मन्त्रालयको पशुपन्छी विकास महाशाखा र सम्बन्धित विज्ञ केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

२. <u>आर्थिक पक्षः</u> (क) खोपको प्रभावकारिता मूल्याङ्कनको लागि आवश्यक रिएजेन्ट, किट तथा सामाग्रीहरु खरिद गर्ने तथा सिरम संकलनकर्ताहरुलाई आवश्यक लोजिस्टिकहरु व्यवस्थापन गर्न मन्त्रालयले प्रयोगशालालाई शशर्त बजेट तथा कार्यक्रम व्यवस्था गर्न सक्नेछ।

(ख) खोप कार्यक्रमको प्रभाव मुल्याङ्कनको लागि निर्देशनालयले सालबसाली रुपमा बजेट तथा कार्यक्रमको व्यवस्था गर्नुपर्नेछ।